जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १ २०८२ साल साउन १ गते बिहीबार (17 July 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नयाँ आर्थिक वर्ष सुरु हुन.:. २ पृष्ठमा : खाद्य संस्थान जनकपुरलाई ... ३ पृष्ठमा डिफेन्डिङ च्याम्पियन तिरहुत...

# उच्च अदालतद्वारा पहिलो पटक १८ महिने मुद्दालाई शुन्यमा झारियो

**दैनिक समाचारदाता**
**राजविराज, ३२ असार ।**

उच्च अदालत जनकपुर-राजविराज इजलाशले इतिहासमै पहिलो पटक १८ महिने मुद्दालाई शुन्यमा झार्न सफल भएको छ । अदालतले हालसम्म कै सबभन्दा बढी ७२ दशमलब ७ प्रतिशत मुद्दा समेत फच्र्छौट गर्न सफलता पाएको छ ।

अदालतले बुधबार आयोजना गरेको पत्रकारसँगको साक्षात्कार कार्यक्रममा चालु आ.ब. को अन्तिम दिन वर्षभरीको मुद्दा मामिलामा भएको प्रगति विवरण सार्वजनिक गरेको हो ।

आयोजित कार्यक्रममा रजिष्टार लोकराज पराजुलीद्वारा प्रस्तुत प्रगति विवरणमा १८ महिना पुगेका मुद्दा आर्थिक वर्ष २०८१/८२ मा पहिलो पटक शुन्यमा झार्न सफल



भएको उल्लेख छ ।

यस्तै सोही अवधीमा ५ हजार १ सय ९ मुद्दा (७२ दशमलब ७ प्रतिशत) फच्र्छौट गर्न सफल भएको उल्लेख गरिएको छ । उक्त संख्या हालसम्म कै उच्च र ऐतिहासिक परिणाम भएको मुख्य न्यायाधिश बामदेव ज्ञवालीले जानकारी दिए ।

अदालतले आ.ब. २०७९/८० मा दर्ता भएका मुद्दा मध्ये ४१ दशमलब ७५ प्रतिशत, आ.ब. २०८०/८१ मा ५२ दशमलब ४ प्रतिशत तथा आ.ब. २०८१/८२ मा ७१ दशमलब ९० प्रतिशत मुद्दा फच्र्छौट गरिएको प्रस्तुत प्रतिवेदनले देखाएको छ ।

मुख्य न्यायाधिश ज्ञवालीले "कार्यालय समय भन्दा अतिरिक्त समय दिई सबै खटेपछी यस्तो नतिजा निकाल्न सम्भव भएको हो, उनले भने- भविष्यमा समेत दर्ता भएका भन्दा फच्र्छौटको संख्या दर उच्च बनाउन हामी सबै प्रयत्नशिल रहने छौं ।"

न्यायालय, नागरिक र पत्रकारबीचको सम्बन्धलाई अझ सुमधुर बनाउन आवश्यक सबै पहल गरिने उनको भनाई छ । फैसला लेखन बाँकी रहेका १ हजार ९ सय ८० मुद्दा भदौं महिनाभित्रै फैसला तयार गरिसक्ने रणनीति बनाएको जानकारी दिँदै उनले फैसला लेखन कार्यमा १२ जना शाखा अधिकृत, ७ जना नायब सुब्बा र ५ जना कम्प्युटर अपरेटर परिचालन गरिएको जानकारी समेत दिए ।

# जसपा नेपालद्वारा सरकारलाई दिएको समर्थन फिर्ता

**दैनिक समाचारदाता**
**राजविराज, ३२ असार ।**

जनता समाजवादी पार्टी, नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

पार्टीको संसदीय दलको बुधबार बसेको बैठकले वर्तमान सरकारले जनतालाई सरकारले सुशासनको प्रत्याभूति गराउन नसक्नु, भ्रष्टाचार, अनियमित्तता, दण्डहीनता, कमिशनतन्त्र र विचौलियाहरूको चलखेल नियन्त्रण गर्न नसक्नु, मुलुकको अर्थतन्त्रलाई सुधार गरी आर्थिक विकासको गतिलाई अगाडीबढाउन नसक्नु तथा असन्तुलित र पूर्वाग्रहीत रूपले आ.ब.२०८२/८३ को बजेट ल्याउने कार्य गरेको भन्दै सरकारलाई दिएको समर्थन फिर्ता लिएको जनाएको छ ।

यस्तै संघीयता कार्यान्वन गर्न कुनै ठोस प्रयास नगर्नु, कृषि, उद्योग, पर्यटन र जलस्रोतको विकास गरी गरिवी, बेरोजगारी जस्ता समस्याहरूलाई हल गर्न नसक्नु, स्वच्छ खानेपानी, शिक्षा, स्वास्थ्यआदि सेवाका क्षेत्रमा गुणात्मक सुधार गरी जनतामा सेवा प्रवाह गर्न नसक्नु, समानतामा आधारीत न्यायपूर्ण समाज निर्माण गर्न मधेशी, आदिवासि जनजाति, दलित, महिला, पिछडावर्ग, थारू, अल्पसंख्यक लगायत उत्पीडित समुदायहरूको राष्ट्रिय समस्याहरूलाई हल गर्न नसक्नु, मधेश, थरूहट, किरात लिम्वुवान लगायतका

*बाँकी अन्तिम पृष्ठमा*

# मधेस सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा पूँजीगत खर्चमा ८२.९३ प्रतिशत प्रगती हासिल




**दैनिक समाचारदाता**
**राजविराज, ३२ असार ।**

मधेस सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालयले आ.ब. २०८१/८२ मा पूँजीगत खर्चमा ८२.९३ प्रतिशत प्रगति हासिल गरेको छ । प्रदेश सरकार स्थापना भएको ७ वर्षको इतिहासमा मन्त्रालयले पहिलोपटक यो उपलब्धी हासिल गर्न सफल भएको हो ।

मन्त्रालयले चालुतर्फ ५४.३७ प्रतिशत मात्र खर्च गरेको छ । चालु खर्चमा मितव्ययिता अपनाएको र फजुल खर्च नियन्त्रणमा लिएको भन्दै यसलाई सकारात्मक संकेतको रूपमा लिएको मन्त्रालयले जनाएको छ ।

प्रदेश सचिव विमल प्रसाद बरालले मन्त्रालय विकासमुखी मन्त्रालय नभएकाले पनि तालिम, गोष्ठी, कार्यशाला जस्ता शीर्षकमा अत्यन्त मितव्ययी ढंगले खर्च गरिएको कारणले पूँजीगत खर्च शतप्रतिशत हुन नसकेको स्पष्ट पारे ।

गृहमन्त्री लेखीले मन्त्रालयको खर्च अनुशासन उदाहरणीय बन्दै चालु खर्चतर्फ अत्यावश्यक शीर्षकबाहेकका खर्चमा पूर्णरूपमा रोक लगाइएकोले खर्च न्यून देखिएको बताए ।

चालु खर्चमा कडाई र पूँजीगत खर्चमा सक्रियता देखाउन सकेका कारण मन्त्रालयको समग्र आर्थिक प्रदर्शन उल्लेखनीय बनेको उनको भनाई छ ।

विकास निर्माणका योजनाहरू कार्यान्वयन गर्ने सम्पूर्ण तयारी भए पनि 'रातो किताब'मा समेटिएका केही योजनाको निर्माणस्थल र आवश्यक जग्गा यकिन नहुँदा ती योजना अघि बढ्न नसकेको उनले बताए ।

मधेस प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले अघिल्ला वर्षहरूमा ४०-४५ प्रतिशतको हाराहारीमा सीमित रहेको पुँजीगत बजेट खर्च यस आर्थिक वर्षमा झण्डै ८३ प्रतिशत पुऱ्याउन सफल भएको हो ।

भर्ना खुल्यो !
भर्ना खुल्यो !!

विगत १७ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए.
फारम भर्ने अन्तिम मिति : २०८२ श्रावण ११ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

हेपाटाइटिस रोगबाट बचौं

❖हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो.
❖यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ.
❖हेपाटाइटिस A, B, C, D, र E गरी पाँच प्रकारका हुन्छन् ।

यसका लक्षणहरू:
❖थकान महसुस हुने.
❖पेट दुख्ने.
❖आँखाको सेतो भाग पहेँलो हुने (जन्डिस देखिने).
❖वान्ता वा खानामा अरुचि हुने.
❖तौल घट्ने जस्ता लक्षण देखिन सक्छन् ।

हेपाटाइटिसबाट बच्न:
❖सफा पानी पिउने.
❖स्वच्छ खाना खाने.
❖हेपाटाइटिस विरुद्धको खोप लगाउने.
❖संक्रमितको रगत तथा सुईबाट टाढा रहने.
❖सुरक्षित यौन सम्पर्क गर्ने ।

"हेपाटाइटिस रोकथाम गरौं, जीवन जोगाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हामी ३५ औं वर्षमा

आजदेखी हामी ३५ औं वर्षमा प्रवेश गरेका छौं । राजविराज दैनिक पत्रिका प्रकाशनको ३४ औं वर्ष पुरा भई ३५ औं वर्षमा प्रवेश गरेको छ । समय अनुकुल परिवर्तन हुँदै सत्यतथ्य समाचार सम्प्रेशन गर्नुका साथै देश विदेशमा रहेका आफ्ना पाठकहरुका लागि भ्‍ण्डै एक दशकदेखी ई-पेपरको व्यवस्था मिलाएका हौं । प्रेस काउन्सील नेपालले गर्दै आएको पत्रपत्रिका वर्गिकरणमा लगातार ९ वर्षदेखी “क” वर्गमा पर्न सफल हुदै आएको छ ।

अहिलेको संचारमाध्यमहरुको प्रतिस्पर्धात्मक यूगमा जिल्लामा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भई यस दैनिक पत्रिका वर्तमान समयमा जिल्लाका पाठक माझ लोकप्रिय पत्रिकाको स्थान समेत ओगटन सफल भएको छ । यस उपलबधीका लागि विशेष रुपमा ग्राहक, शुभेच्छुक तथा विज्ञापनदाताको समर्थन रहेको छ ।

अन्तमा सत्यतथ्य समाचार सम्प्रेशनका लागि कटिबद्ध हामी भ्‍ण्डै साढे तीन दशक लामो समयदेखी निरन्तरतामा सहयोग र माया गर्ने सबैप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछौं ।

# नयाँ आर्थिक वर्ष सुरु हुन अगावै सबै विश्वविद्यालयको बजेट र कार्यक्रम पारित

**प्रकाश सिलवाल**

काठमाडौँ, ३२ असार (रासस) ।

प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अग्रसरतामा नयाँ आर्थिक वर्ष सुरु हुनुअगावै सबै विश्वविद्यालयले आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम पारित गराएका छन् ।

विश्वविद्यालयहरूको आर्थिक स्वच्छता र मुलुकको संसदीय लोकतान्त्रिक प्रणाली र विद्यमान आर्थिक ऐनसम्बन्धी व्यवस्था अनुकूल हुने गरी सबै विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूले सम्भवतः पहिलो पटक यसरी एकै समयमा बजेट पारित गरेका छन् । चालु आवको अन्तिम दिन असार ३२ गते मात्रै नेपाल संस्कृत विश्वविद्यालयको ७८ औँ र लुम्बिनी बौद्ध विश्वविद्यालयको १८ औ सभा बैठक सम्पन्न भएको छ । बुधबारे चिकित्सा शिक्षा आयोगको बैठक पनि राखिएको छ ।

यही असार ३१ गते एकै दिन चार वटा विश्वविद्यालयको सभा बैठक (सिनेट) भएको थियो । उक्त दिन सुदूरपश्चिम विश्वविद्यालयको १३ औं, पूर्वाञ्चल विश्वविद्यालयको ४१ औं, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको १५ औँ र कृषि तथा वन विज्ञान विश्वविद्यालयको १४ औं सभा बैठक सम्पन्न भई बजेट तथा कार्यक्रम पारित भएको थियो ।

यस्तै असार ३० गते मध्यपश्चिम विश्वविद्यालयको १७ औं, राजर्षि जनक विश्वविद्यालयको १० औं, असार २६ गते त्रिभुवन विश्वविद्यालयको वार्षिक साधारणसभा, असार २५ गते पोखरा विश्वविद्यालयको २५ औं सभा बैठक भई बजेट पारित भएको छ । यसअघि काठमाडौँ विश्वविद्यालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सभा बैठक आयोजना भइसकेको छ । त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्रा डा दीपक अर्याल यही असार २५ गते मात्रै नियुक्त हुनुभएकाले असार २६ गतेको सिनेटमा नीतिगत कार्यक्रम पनि स्थगन गरी चाँडै अर्को बैठकमा ल्याउन भनिएको छ ।

कुलपति ओलीको तत्परतामा सबै विश्वविद्यालय (प्रतिष्ठान)हरूले नयाँ आर्थिक वर्ष लाग्नुअगावै आगामी आर्थिक वर्ष बजेट तथा कार्यक्रम सिनेट बैठकबाट अनिवार्य स्वीकृतिका लागि छोटो सूचनामा पनि यसरी विश्वविद्यालयको सभा राखिएको मुलुककै पहिलो शैक्षिक परिघटना साबित भएको छ ।

साथै यी विश्वविद्यालयहरूका स्रोत सुनिश्चितबिनाका बजेट र कार्यक्रम राख्ने क्रम पनि रोकिएको छ । केही विश्वविद्यालयले घाटा बजेटसमेत प्रस्ताव गरेको स्थितिमा कुलपति ओली, सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तसहितको मार्गदर्शनमा यथार्थ बजेट हुने गरी संशोधित प्रस्ताव पारित भएको छ ।

साथै लामो समयसम्म लेखापरीक्षण नहुने र उक्त प्रतिवेदन सभामा पेस नहुने परिपाटी तथा लामो समय बेजुरु फछर्यौट नहुने प्रवृत्ति पनि निरुत्साहित भएको छ । कुलपति ओलीले आगामी दिनमा आवअगावै स्वीकृत नभएको बजेटपछि अनुमोदन नहुने स्पष्ट पारिसक्नुभएको छ ।

अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले प्रधानमन्त्री एवं कुलपति ओलीले साउन १ गतेअगावै सबै विश्वविद्यालयहरूले अनिवार्यरुपमा पारित बजेट मात्रै कार्यान्वयनमा ल्याई थिति बसाल्न दिनुभएको निर्देशन कार्यान्वयनमा आउनु अति सकारात्मक भएको बताउनुभयो । उहाँले यसबाट सरकार र विश्वविद्यालयको सम्पर्क र सम्बन्ध पनि सुमधुर भई बजेट र कार्यक्रममा समन्वय विस्तार सहयोग पुग्नुका साथै लेखा परीक्षणमा पनि सहयोग मिल्ने प्रतिक्रिया दिनुभयो । कृषि तथा वन विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा डा शारदा थपलियाले कुलपतिको यस प्रकारको सुरुपष्ट निर्देशनले आफूहरूलाई शैक्षिक क्यालेण्डर कार्यान्वयन र सुशासन कायममा ऊर्जा मिल्ने बताउनुभयो ।

विगतमा आर्थिक वर्ष सुरु भइसकेपछि पनि वार्षिक बजेट र कार्यक्रम प्रस्तुत र पारित हुने, कतिपय विश्वविद्यालयका पदाधिकारीको रिक्तता र विवादका कारण सिनेट बैठक हुन नसक्दा विश्वविद्यालयहरूका आर्थिक थिति बस्न सकेको थिएन । यस वर्ष प्रधानमन्त्री एवं कुलपति ओलीले छ महिलाअगावैदेखि आगामी आवको बजेट यस आवभित्र पारित गर्न पटकपटक निर्देशन दिनुभएको थियो ।

असारको दोस्रो साता प्रधानमन्त्री ओलीको संयुक्त राष्ट्रसङ्घीय विकासका लागि वित्तसम्बन्धी चौथो सम्मेलनका लागि स्पेनको औपचारिक भ्रमण, स्वदेश फर्केपछि नियमित अन्य काम, राजनीतिक भेटघाट, रसुवागढीमा आकस्मिक बाढीको विपत्ति र गृहजिल्ला भ्‍ापाका कार्यक्रमका व्यस्तताका बीच प्रधानमन्त्री ओलीले आफू कुलपति भएका विश्वविद्यालय र प्रतिष्ठानहरूको सिनेट राख्नुभएको हो ।

# खाद्य संस्थान जनकपुरलाई किसानले गहुँ बिक्री गरेनन्

जनकपुरधाम, ३२ असार (रासस) ।

बजार मूल्यभन्दा कम रकम पाउने भएपछि किसानले खाद्य संस्थान जनकपुरलाई गहुँ बिक्री गरेका छैनन् । सङ्घीय सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले गहुँ खरिदका लागि बजारभन्दा सस्तो मूल्य तोकेकाले किसानले कार्यालयलाई गहुँ बिक्री नगरेका हुन् ।

सरकारले प्रतिक्विन्टल तीन हजार ८६७ रुपैयाँ ३८ पैसाका दरले खरिद गर्नेगरी तोकेको समर्थन मूल्यका आधारमा गहुँ खरिद प्रक्रिया अगाडि बढाइएको थियो । जनकपुरसहितका बजारमा रु चार हजार ४०० प्रतिक्विन्टल गहुँ बिक्री हुने भएपछि किसानले निजी क्षेत्रका व्यवसायीलाई उपलब्ध गराइरहेका कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख निर्मल थापाले किसानले कार्यालयमा गहुँ बिक्रीको मूल्य जानकारी लिन आए पनि बिक्री गर्न नआएका बताउनुभयो । बजारभन्दा यहाँको खरिद मूल्य निर्धारण सस्तो भएकाले उत्पादित गहुँ निजी व्यापारीलाई बिक्री गरेका उहाँको भनाइ छ ।

धनुषा र महोत्तरीका किसानबाट यस वर्ष दुई हजार ५०० क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य रहेको जनाउँदै प्रमुख थापाले प्रतिकिसानबाट ५० क्विन्टल र प्रतिसहकारी संस्थाबाट पाँच सय क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य लिइएको बताउनुभयो ।

गत फागुन र चैतमा काटिएको गहुँ खरिदसम्बन्धी कार्यालयले सूचना प्रकाशित गरी बिक्रीका लापग किसानलाई आग्रह गरेको थियो । कार्यालयको हाताभित्र गहुँ खरिदका लागि निःशुल्क काँटा सञ्चालन गरिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ ।

धनुषा र महोत्तरी जिल्लाका सम्बन्धित स्थानीय तहको सिफारिससहित बिक्रीका लागि गहुँ सफा गरी तोकिएको मापदण्डका आधारमा तयार हुनुपर्ने बताउँदै प्रमुख थापाले बिक्रीको भुक्तानी किसानलाई चेकमार्फत गराइने कार्यालयद्वारा जारी सूचनामा जनाइएको उल्लेख गर्नुभयो ।

धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारीको गहुँ खरिदसम्बन्धी समितिको बैठक बसेर खरिद प्रक्रिया सुरु भएको जनाइएको थियो । बैठकमा सम्बन्धित निकायका पदाधिकारीहरूको पनि सहभागिता थियो । सोही बैठकका आधारमा खरिद प्रक्रिया सुरु भए पनि किसानले कार्यालयमा गहुँ बिक्री नगरेका उहाँले जानकारी दिनुभयो ।

यसैबीच कार्यालयले चालु आवमा लक्ष्यको तुलनामा धान खरिद पनि कम भएको जनाएको छ । बत्तीस हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य रहेकामा पाँच हजार ३४६ क्विन्टल मात्र खरिद गरिएको कार्यालयका प्रमसख थापाले जानकारी दिनुभयो । कार्यालयबाट प्राप्त विवरणअनुसार तोकिएको लक्ष्यको तुलनामा २६ हजार ६५४ क्विन्टल धान कम खरिद भएको हो ।

सरकारको तोकिएको समर्थन मूल्यभन्दा बजार मूल्य बढी रहेकाले किसानले आफ्नो उत्पादन निजी क्षेत्रका बजारमा बिक्री गरेकाले लक्ष्यअनुसार धान खरिद नभएको हो । सरकारले प्रतिक्विन्टल रु तीन हजार ५८० का दरले धान खरिद गर्ने निर्देशन दिए पनि बजारमा करिब रु चार हजार प्रतिक्विन्टलका दरले बिक्री हुने गरेकाले कार्यालयले लक्ष्य अनुसार खरिद गर्न नसकेको प्रमुख थापाको भनाइ छ ।

कार्यालयले लक्ष्यप्राप्त गर्न चारवटा सहकारी संस्थासँग धान खरिदसम्बन्धी सम्झौता गरे पनि किसान नआएकाले सो लक्ष्य प्राप्त नभएको कार्यालयका कर्मचारीले बताएका छन् ।

# तीस केजी अफिम र १३ लाख नक्कली नोटसहित पाँच पक्राउ

कर्णाली, ३२ असार (रासस) ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतले हालसम्मकै ठूलो परिमाणमा अफिम र नक्कली नोट (खोटा मुद्रा) बरामद गरेको छ ।

बरामद गरिएको अफिम र नक्कली नोटसहित पक्राउ परेका पाँच जनालाई मंगलबार सुर्खेत प्रहरीले वीरेन्द्रनगरमा पत्रकार भेटघाट कार्यक्रममार्फत सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा वीरेन्द्रनगर नगरपालिका-१० सुर्खेत शान्ति टोल सुर्खेतमा कोठा भाडामा बस्दै आएकी कुशे गाउँपालिका-५ जाजरकोटका २२ वर्षीयन दिलमाया सिंह ठकुरी, उनका दाजु ३३ वर्षीय रामबहादुर सिंह, भेरीगङ्गा नगरपालिका-१२ सुर्खेत ठकुरीटोल बस्दै आएका कुसे गाउँपालिका-७ गमौडीका ३५ वर्षीय कृष्णबहादुर वली रहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुधीरराज शाहीले जानकारी दिनुभयो ।

त्यसैगरी, पक्राउ पर्नेमा भेरीगङ्गा नगरपालिका-१२ सुर्खेत बस्ने ३८ वर्षीय प्रेमबहादुर विक र नरहरिनाथ गाउँपालिका-४ कालीकोट स्थायी घर भई हाल बाँके कोहलपुर नगरपालिका-११ न्यूरोडस्थित जनगर्जन मिडिया प्रालि नामक मिडिया सञ्चालन गर्दै आएका मनबहादुर सहकारीसमेत रहेको उहाँले बताउनुभयो ।

प्रहरी उपरीक्षक शाहीका अनुसार उनीहरूबाट सुर्खेत प्रहरीले रु १३ लाख नक्कली नोट र करिब रु ९० लाख बराबरको अफिम बरामद भएको छ । त्यससँगै क्यानन प्रिन्टर, हाइटेक लेखिएको सिपियु, जिलियन टेक लेखिएको मोनिटर, कि-बोर्ड, माउस, कार्डडिटर, चिप्स मेमोरी र क्यानन क्यामेरासमेत एक/एक थान फेला पारी बरामद गरिएको उहाँले जनाउनुभयो ।

पक्राउ परेकामाथि लागुऔषध तथा जाली नोट कारोबार उद्योगमा मुद्दा चलाउने तयारी भइरहेको बताउँदै प्रहरी उपरीक्षक शाहले प्रारम्भिक अनुसन्धानअनुसार पक्राउ परेकाले करिब रु दुई लाख सक्कली नोटसँग नक्कली नोट साटिसकेकाले लेनदेन गर्दा सचेत रहन सबैलाई आग्रह गर्नुभएको छ ।

उहाँका अनुसार अफिम खरिदका लागि ती नक्कली नोटहरू प्रायः सुर्खेत, जाजरकोटका व्यापारीलाई दिएको आरोपितले बताएका छन् । पछिल्लो समय सुर्खेत प्रहरीले लागुऔषध नियन्त्रणको अभियानलाई आक्रमक बनाउँदै लगेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
### मधेश प्रदेश, नेपाल

फोन नं. : ०३१-५४००५४


पत्र संख्या : २०८२/०८३

च.नं.

मितिः २०८२/०४/०१

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।
## प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०१

प्रस्तुत् विषयमा यस नगर कार्यपालिकाको राजश्व परामर्श समितिको मिति २०८२/०३/३२ गते बसेको बैठकको निर्णयानुसार आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमकोपोखरी तथा हटियाहरुको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्त द्वारा संकलन गर्नु पर्ने भएकोलेपसिलका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

**ठेक्काः पोखरी**

| सि.न. | पोखरीको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाहिक) | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | साविक बनरझुला २ को पोखरी | खडक न.पा.३ | १६०,०००।- | | |
| २ | जर्मन पोखरी | खडक न.पा.३ | ७५,०००।- | | |
| ३ | अमहा रोड छेउको पोखरी | खडक न.पा.४ | २,००,०००।- | | |
| ४ | करमनियाँ दह पोखरी | खडक न.पा.४ | १,३५,०००।- | | |
| ५ | साविक ३ र ४ को सानो पोखरी | खडक न.पा.४ | ५५,०००।- | | |
| ६ | मेघवारीको मुसहरनियाँ पोखरी | खडक न.पा.५ | १,८५,०००।- | २०८७ असार मसान्त सम्म (५ आ.व) | |
| ७ | डिहवार मन्दिर नजिकको पोखरी | खडक न.पा.८ | ७०,०००।- | | |
| ८ | दक्षिणवारी टोल भदियाको डबरा पोखरी | खडक न.पा.८ | ५०,०००।- | | |
| ९ | कललवा पोखरी | खडक न.पा.९ | ३,५०,०००।- | | |
| १० | तेलिन पोखरी | खडक न.पा.९ | ४,५०,०००।- | | |
| ११ | पुरनी पोखरी | खडक न.पा.९ | १,७५,०००।- | | |
| १२ | अखडाहा भन्ने गोसाइ पोखरी र लवकी पोखरी संयुक्त | खडक न.पा.१० | ११,००,०००।- | | |
| १३ | डोमराही पोखरी | खडक न.पा.११ | ५,००,०००।- | | |

**ठेक्काः हटिया**

| सि.न. | हटियाको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाहिक) | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिस्वा हटिया | खडक न.पा.१ | १,२५,०००।- | | |
| २ | कंचिरा हटिया | खडक न.पा.३ | १२,०००।- | | |
| ३ | अन्दुलेखी कृषि बजार | खडक न.पा. ४ | ४५,०००।- | | |
| ४ | खरचुहियाँ हटिया | खडक न .पा.५ | १,००,०००।- | २०८३ असार मसान्त सम्म | |
| ५ | कल्याणपुर हटिया | खडक न.पा.७ | २,५०,०००।- | | |
| ६ | विसनपुर हटिया | खडक न.पा.८ | १,००,०००।- | | |
| ७ | फुलेश्वरनाथको हटिया | खडक न.पा.१० | ४०,०००।- | | |
| ८ | बनौली हटिया | खडक न.पा.११ | २०,०००।- | | |

नियम तथा शर्तहरु :

१_ फारम दस्तुर रु ५००।- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगद बुझाउनु पर्नेछ । फारम यस नगरपालिकाको राजश्व/प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

२_ शिलबन्दी दरभाउपत्र फारम मिति २०८२/०४/१५ गते बिहिवार कार्यालय समय भित्र खरिद गर्नका साथै सम्पूर्ण प्रकृया पुरा गरी सोहि दिन यस नगरपालिकाको राजश्व/प्रशासन शाखामा दर्ता गराई सक्नु पर्ने छ।

३_ शिलबन्दी दरभाउपत्र मिति२०८२/०४/१६ गते शुक्रवार दिनको २:०० बजे कार्यालयमा नियमानुसार खोलिने छ । दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

४_ शिलबन्दी दरभाउपत्र आवदेनकर्ता अनुपस्थित भएमा दरभाउपत्र खोलिन कुनै बाधा परेको मानिने छैन् ।

५_ दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेख्नु पर्नेछ । दुवैमा लेखिएको रकमफरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ

६_ कवोल रकमको लागि तोकिएको न्युनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ ।

७_ ठेकदारले कबोल गरेको अंकमा मु.अ.कर बापतको रकम थप गरी बुझाउनु पर्नेछ।

८_ शिलबन्दी दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको न्युनतम ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस न.पा.को नाममा रहेको कृषि विकास बैंक, शाखा कल्याणपुरमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ ।

९_ ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिईनेछ । यदि एकमुष्ट रकम नबुझाएमा सम्झौता गर्न आउँदा पहिलो किस्ता ६० प्रतिशत नगद राजश्व शाखामा बुझाउनु पर्नेछ र बाँकी ४० प्रतिशतको रकम पोखरीको हकमा मिति २०८७ श्रावण मसान्त सम्म र हटियाको हकमा मिति २०८३ श्रावण मसान्त सम्मको बैंक ग्यारेन्टी अथवा यस खडक नगरपालिकाको नाममा जग्गा धितो राखे पछि मात्र सम्झौता गरिनेछ ।साथै तोकिएको निर्धारित समय भित्र नियमित रुपमा किस्ता बुझाउनु पर्नेछ ।

१०_ एकमुष्ट वा प्रथम किस्ता बापतको ६० प्रतिशत रकम ७ सात दिन भित्र बुझाई चलान पूर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिईनेछ ।

११_ नगरपालिकालाई बुझाउनु पर्ने बाँकी रकम ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन् ।

१२_ ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको पोखरीमा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन र सामान्य मर्मत सम्भारको रकम न.पा. मा दावि गर्न पाईने छैन् ।

१३_ ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनुपर्ने र कबोल गरेको रकममा मिन्हा हुने छैन् ।

१४_ हटियाको हकमा कर पूर्जा अनिवार्य लागू गर्नु पर्नेछ र पूर्जा रसिद ठेकेदार स्वयमले छपाउनु पर्नेछ । नगरपालिकाबाटस्वीकृत दररेट बमोजिम मात्र कर संकलन गर्न पाईनेछ ।

१५_ एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन् ।

१६_ कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

१७_ ठेक्का सम्बन्धी सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।

१८_ ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

बोधार्थ :

- श्री सूचना प्रविधि शाखा नगरपालिकाको Website मा Upload गरिदिनु हुन् ।

..................................

नि. प्रमुख प्रशासकीय अधिकृत

# डिफेन्डिङ च्याम्पियन तिरहुत टाइगर्स र राजदेवी रोयल्सबीच फाइनल हुने




**दैनिक समाचारदाता**
**राजविराज, ३२ असार ।**

राजविराजमा जारि सातौं संस्करणको मेयर कप सप्तरी प्राइड लिगको फाइनल खेल डिफेन्डिङ च्याम्पियन तिरहुत टाइगर्स सप्तरी र राजविराज राजदेवी रोयल्सबीच बिहीबार हुने भएको छ ।

निरन्तर वर्षाका कारण बुधबारको दुवै सेमीफाइनल खेल रद्द हुँदा समुह चरणमा दुई समुहका विजेता टिम फाइनल प्रवेश गरेका हुन् ।

राजविराज राजदेवी रोयल्स र खडक वारियर्स बीचको पहिलो सेमीफाइनल तथा तिरहुत टाइगर्स र कन्चनरुप राइनोज बीचको दोश्रो सेमीफाइनल खेल निरन्तर वर्षाका कारण सम्भव हुन नसकेपछी आयोजकले समूह विजेता टिमलाई फाइनलका लागि छनौट गरेको हो ।

८ टिम सहभागी प्रतियोगिताका टिमहरुलाई दुई समुहमा बिभाजन गरिएको थियो । समुह 'ए' को विजेताको रुपमा ३ खेलमा ५ अंक सहित राजविराज राजदेवी रोयल्स सेमीफाइनल प्रवेश गरेको थियो ।

यस्तै समुह 'बि' बाट ३ खेलमा ६ अंक सहित समुह विजेताको रुपमा तिरहुत टाइगर्स सेमीफाइनल प्रवेश गरेको थियो ।

समुह 'ए' बाट ३ खेलमा ४ अंक बटुल्दै समुह उप-विजेताको रुपमा कन्चनरुप राइनोज तथा समुह 'बि' बाट ३ खेलमा ४ अंक बटुल्दै समुहको उप-विजेताको रुपमा खडक वारियर्स सेमीफाइनल प्रवेश गरेको हो ।

सप्तरी क्रिकेट संघद्वारा आयोजित प्रतियोगिताको विजेता टिमले २ लाख तथा उपविजेताले १ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

# 'साउन डेङ्गी सचेतना' महिना घोषणा

काठमाडौं, ३२ असार (रासस) ।

सरकारले 'साउन महिना डेङ्गी सचेतना' घोषणा गरेको छ । बुधबार यहाँ आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले 'साउन महिना डेङ्गी सचेतना' घोषणा गर्नुभएको हो ।

मन्त्री पौडेलले साउनमा डेङ्गी सङ्क्रमण उच्च विन्दु पुग्ने तथा तीव्र हुने भएकाले साउनको सुरुआतदेखि नै सचेतना फैलाउनका लागि डेङ्गी सचेतना महिनाका रूपमा घोषणा गरिएको जानकारी दिनुभयो ।

उहाँले साउनदेखि कात्तिकसम्म डेङ्गीको जोखिम हुने भएकाले हरेक शुक्रबार बिहान १० बजे 'खोज र नष्ट गर'अभियान सुरु गरिने उल्लेख गर्नुभयो । "डेङ्गी साउन महिनामा उच्च सङ्क्रमण हुने सुरुवाती महिना हो", उहाँले भन्नुभयो, "यस महिनामा सतर्कता अपनाउन सके सङ्क्रमण कम गर्न सकिन्छ । त्यसैले सम्भावित जोखिम नियन्त्रण गर्नका लागि साउनलाई सचेतना अभियान महिना घोषित गरिएको हो ।"

मन्त्री पौडेलले डेङ्गी सरकारको एकल पहलले मात्र गर्न न्यूनीकरण गर्न नसकिने भन्दै नीजि क्षेत्र, समुदाय, टोल सबैको सहयोग र समन्वय आवश्यक पर्ने खाँचो औँल्याउनुभयो ।

मन्त्रालयका सचिव डा विकास देवकोटाले साउनमा बढी पानी पर्ने भएकाले घर वरपर पानी जम्न नदिने उपाय अपनाउन सबैलाई अनुरोध गर्नुभयो । उहाँले कम्तिमा साउनदेखि कात्तिकसम्म लामखुट्टे खोज र नष्ट गर अभियान हरेक कार्यलय, टोलमा संचालन गर्न सके डेङ्गी सङ्क्रमणलाई कम गर्न सकिने धारणा राख्नुभयो ।

"गत वर्ष सुरु भएको लामखुट्टे खोज र नष्ट गर अभियानका कारणले डेङ्गी सङ्क्रमण घटेको छ", उहाँले भन्नुभयो, "यसपटक पनि यस अभियानलाई निरन्तरता दिएर सङ्क्रमण घटाउनु पर्छ ।" सचिव डा देवकोटाले डेङ्गी पूर्णरूपमा उन्मूलन गर्न नसकिने भन्दै मानिसको जीवनशैली परिवर्तन गरेर सङ्क्रमित हुनबाट जोगिनुपर्ने बताउनुभयो ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक टङ्कप्रसाद बाराकोटीले डेङ्गी सङ्क्रमण एडिज जातको लामखुट्टेको टोकाइबाट सर्ने भएकाले उक्त लामखुट्टेलाई खोजेर नष्ट गर्नु उत्तम उपाय रहेको बताउनुभयो ।

विश्व स्वास्थ्य सङ्गठनका नेपाल प्रमुख डा राजेश पाण्डवले डेङ्गी सङ्क्रमण नियन्त्रणका लागि बहुक्षेत्रको भूमिका तथा संलग्नता हुनुपर्नेमा जोड दिनुभयो । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चन्द्रभाल झाले डेङ्गीको जोखिम हुने क्षेत्र पहिचान गरी खोज र नष्ट अभियान सञ्चालन गर्न स्थानीय तहलाई निर्देशन दिइसकिएको जानकारी दिनुभयो ।

महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले पानी परेसँगै डेङ्गीको सङ्क्रमण बढ्ने बताउनुभयो । उहाँका अनुसार गत पुस १७ गतेदेखि असार ३१ गतेसम्म ७३ जिल्लाका एक हजार ९८३ जनामा सङ्क्रमण देखिएको छ ।

"डेङ्गी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि टोकेमा डेङ्गी रोग लाग्दछ", उहाँले भन्नुभयो ।

# डिजेल र पेट्रोलको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, ३२ असार ।**

नेपाल आयल निगमले डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले मंगलबार मध्यरातदेखि लागू हुने गरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर १ रुपैयाँ र पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा डिजेल र मट्टितेल क्रमशः प्रतिलिटर एक सय ४५ रुपैयाँ ५० पैसा, एक सय ४७ रुपैयाँ र एक सय ४८ रुपैयाँ तथा पेट्रोल क्रमशः प्रतिलिटर एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ रुपैयाँ र एक सय ६० रुपैयाँ तोकिएको छ ।

इन्डियन आयल कर्पोरेसनबाट मंगलबार प्राप्त नयाँ मूल्यसूचीअनुसार डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# करेन्ट लागेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, ३२ असार ।**

रौतहटको मौलापुरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

मंगलबार दिउँसो विद्युतीय मोटरबाट खेतमा पानी सिँचाइ गर्ने क्रममा करेन्ट लागेर मौलापुर ८ सोनरनियाका सुधन राउतका १४ वर्षीय छोरा नरेन्द्र पटेलको मृत्यु भएको हो ।

आफ्नै खेतमा धान रोपाईँका लागि विद्युतीय मोटर चलाएर पानी तान्ने क्रममा पटेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक दीपककुमार रायले जानकारी दिए ।

करेन्ट लागेर घाइते भएका निजको उपचारका क्रममा मौलापुरस्थित शान्ति पोलिक्लिनिकमा मृत्यु भएको हो ।

केही दिनयता रौतहटमा विद्युतीय मोटरबाट करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या बढिरहेकाले सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको छ ।

# आगामी निर्वाचनमा आफ्नो पार्टी बाहेकको चुनाव चिन्हमा मत हाल्ने अवस्था आउँदैन : महामन्त्री शर्मा

बारा, ३२ असार (रासस) ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेस एक्लै चुनाव लड्न सक्षम रहेकाले आगामी आमनिर्वाचनमा आफ्नो पार्टीबाहेकको चुनाव चिन्हमा मत हाल्ने अवस्था नआउने बताउनुभएको छ ।

बारा सदरमुकाम कलैयामा मंगलबार आयोजित नेता, कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले गठबन्धनका कारण विगतमा साइकल, मसाल, कलममा भोट हाल्ने बाध्यता सिर्जना भए पनि विसं २०८४ मा हुने आमनिर्वाचनमा त्यस्तो अवस्था नआउने बताउनुभयो ।

महामन्त्री शर्माले देशको हरेक परिवर्तनमा अतुल्नीय योगदान रहेको कांग्रेसको चुनाव चिन्हमा मत हाल्न जनता आतुर रहेको भन्दै अब कसैसँग कुनै प्रकारको गठबन्धन नगरी पार्टीले नै चुनाव लड्ने बताउनुभयो ।

उहाँले ०८४ मा पार्टीले बहुमतको सरकार बनाउने गरी अहिलेदेखि नै जनताको पक्षमा काम गर्नुपर्ने उहाँको भनाइ थियो । "जहिले पनि कांग्रेस देश विकास, समृद्धि, डण्डहिनताको अन्त्य, विधिको शासन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई ग्यारेन्टी गराउन पूर्ण प्रतिबद्ध छ । आगामी आमनिर्वाचनपछि आफ्नै नेतृत्वमा बहुमतको सरकार बनाएर ती प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्छ । त्यसैले फुटेर होइन जुटेर अगाडि बढौँ", महामन्त्री शर्माले भन्नुभयो ।

उहाँ हाल हाल गठबन्धन सरकारमा रहेका आफ्ना मन्त्रीहरूले गरेका राम्रा कामबारे बढीभन्दा बढी प्रचार गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

महामन्त्री शर्माले पार्टीले सहमति, सहकार्य र एकताको सन्देश दिने र त्यसका लागि आगामी २०८३ सालमा महाधिवेशन हुने धारणा राख्नुभयो ।

पार्टीका जिल्ला सभापति राजेश यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्वमन्त्री कलावती पासवान, पार्टीका मधेस प्रदेश उपसभापति चन्द्रशेखरकुमार यादव, उपसभापति मनोज भट्ट, उपसभापति अमिरीलालपाल, क्षेत्रीय सभापति विजयशङ्कर यादव, नेताहरू रामप्रवेश यादव, सुनिल गुप्ता, प्रभातकुमार चौरसियालगायतले आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

*जसपा नेपालद्वारा ...*

आन्दोलनहरूका क्रममा झुठा मुद्दा लगाई बन्दी बनाइएका राजबन्दीहरूलाई रिहाई नगर्नु, संविधान संशोधन गर्न हालसम्म कुनै प्रयास नगर्नु, कृषि विकास गर्न किसानहरूलाई कृषिबजार, सिंचाई, मलखाद्य, बिऊबिजन र किट्नाशक औषधीका साथै सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउन नसक्नु र बेरोजगारी समस्या हल गर्न रोजगारीका अवसरहरू सृजना गर्न नसक्नु भन्दै सरकारको आलोचना गरिएको छ ।

बैठकले के.पी. शर्मा ओली नेतृत्वको सरकार असफल भइसकेकोले पार्टीले गर्दै आएको समर्थनको कुनै औचित्य एवं अर्थ नै नरहेको हुनाले उक्त समर्थन फिर्ता लिई अब उपरान्त बिपक्षमा बस्ने निर्णय गरिएको उल्लेख छ ।

# समयमा काम नसक्ने ठेकेदारलाई दैनिक दुई लाख हर्जना

काठमाडौं, ३२ असार (रासस) ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान स्तरोन्नति गरी प्यारापिट बनाउने र फ्लडलाइट हाल्ने काम नसक्ने ठेकेदार कम्पनीलाई हर्जना लगाइएको छ । तोकिएको मितिमा पनि काम सम्पन्न नभएपछि ठेकेदार कम्पनीलाई पूर्ववत् सम्झौताअनुसार क्षतिपूर्ति तिराइएको हो ।

सम्झौताअनुसार आयोजनाको कूल रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत दैनिक हर्जना तिर्नुपर्नेछ । दैनिक रु दुई लाखभन्दा बढी क्षतिपूर्तिबापत रकम दिनुपर्ने सहरी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले मैदानको प्यारापिट बनाउन बिकेओआई केसिडिसी बिजीको जोइन्ट भेन्चर कम्पनी (जेभी) र फ्लडलाइट जडानका लागि बिशन ईश्वरी जेभीले गत फागुन १९ र २२ गते मन्त्रालय मातहतको सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयसँग सम्झौता गरेको जानकारी दिनुभयो । "प्यारापिट बनाउन रु ४९ करोड २५ लाख र फ्लडलाइट जडानका लागि रु ४७ करोड ३७ लाखमा सम्झौता भएको थियो", उहाँले भन्नुभयो ।

सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका प्रमुख चक्रवर्ती कँठले यही असार ३० गते ठेकेदार कम्पनीलाई निर्धारित समयमा काम नसकेपछि हर्जना लाग्ने जानकारी गराइसकिएको बताउनुभयो ।

"असार ३० गते निर्माण कम्पनीलाई पूर्वनिर्धारित क्षतिपूर्ति (हर्जना)बारे जानकारी गराइसकेका छौँ । मङ्गलबारदेखि उहाँहरूले दैनिक हर्जना तिरेर काम गरिरहनुभएको छ । काम नसक्दासम्म दैनिक हर्जना लाग्नेछ", उहाँले भन्नुभयो, "यसरी हर्जना तिरेर बढीमा २०० दिनसम्म अर्थात् आयोजनाको कूल रकमको १० प्रतिशत हर्जना हुने अवधिसम्म काम गर्न पाइने कानुनी व्यवस्था छ । सो अवधिमा पनि काम नसके निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने व्यवस्था छ ।"

निर्माण कम्पनीले एक महिनामा काम सक्ने प्रतिबद्धता जनाएको कँठले जानकारी दिनुभयो । उहाँका अनुसार चार हजार कुर्सी जडान भइसकेका छन् भने छ वटा फ्लडलाइटमध्ये तीन वटा पोल आइसकेका छन् । प्यारापिटतर्फ वित्तीय प्रगति ६३ प्रतिशत र भौतिक प्रगति ७७ प्रतिशत भएको छ । फ्लडलाइट जडानतर्फ २९ प्रतिशत वित्तीय र ४५ प्रतिशत भौतिक प्रगति भएको कँठले जानकारी दिनुभयो ।

# 'विपद् व्यवस्थापनमा तीनै तहका सरकारबीच सहकार्य जरुरी छ'

काठमाडौं, ३२ असार (रासस) ।

गृहमन्त्री रमेश लेखकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीनै तहका सरकारीबीच समन्वय र सहकार्य जरुरी रहेको बताउनुभएको छ ।

बुधबार गृह मन्त्रालयमा आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले सङ्घ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार बाँडफाँटमा पनि विपद् व्यवस्थापन तीन वटै तहको कार्यक्षेत्रमा पर्ने बताउनुभयो । "हामी उच्च जोखिमपूर्ण भुगोलमा छौँ", उहाँले भन्नुभयो, "विपद्को सामाना र व्यवस्थापनका लागि तीन वटै तहबीच समन्वय र सहकार्य जरुरी छ ।"

सात वटै प्रदेशमा आपत्कालीन गोदामघरहरू रहेको बताउँदै उहाँले ती गोदामघर सञ्चालन प्रदेश सरकारले गर्नेगरी हस्तान्तरण गरिएको जानकारी दिनुभयो । "काठमाडौंको गोदामघर विपद् प्राधिकरणसँग रहन्छ", उहाँले भन्नुभयो, "छ वटा प्रदेशस्तरका गोदामघरको सञ्चालन प्रदेश सरकारले गर्नेछन् ।"

नागरिकसँगको सबैभन्दा नजिक स्थानीय जनप्रतिनिधि रहने भएकाले आपत्कालीन गोदामघरहरू पालिकास्तरमा स्थापना गरेर तल्लो तहसम्म विपद् व्यवस्थापनका लागि सक्षम बनाउनुपर्नेमा गृहमन्त्री लेखकले जोड दिनुभयो । उहाँले विपद् पूर्वसूचना र विपद् पछिको खोज, उद्धार तथा पुनःस्थापनामा सबैले सहकार्य र समन्वय गर्नुपर्ने बताउनुभयो ।

विगतमा विपद्का बेला गोदामघरबाट सामग्री उपयोग गर्दाको झन्झटिलो प्रक्रियालाई सहज पार्दै गोदामघर प्रदेश सरकारलाई सञ्चालनको जिम्मेवारी दिइएको उहाँको भनाइ छ ।

# घुस रकमसहित नगरप्रमुख पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३२ असार ।**

सिरहाको कल्याणपुर नगरपालिकाका नगर प्रमुख रामपुकार साह एकलाख घुस रकमसहित पक्राउ परेका छन् ।

बुधबार दिउँसो कार्यालयबाटै घुस रकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासको टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

कार्यालयमै पूर्ण भुक्तानीको लागि एक उपभोक्ता समितिबाट एकलाख रकम घुस लिइरहेको बेला उनलाई नियन्त्रणमा लिएको अख्तियार स्रोतले बताएको छ ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*